# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

### <u>स्थायी तरलता सुविधा (Standing Liquidity Facility - SLF) सम्बन्धी कार्यविधि, २०६५</u>

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६१/६२ देखि वाणिज्य बैंकहरुका लागि नेपाल सरकारको ट्रेजरी बिल र विकास ऋणपत्रको धितोमा स्थायी तरलता सुविधा **(Standing Liquidity Facility - SLF)** मार्फत छोटो अवधिको लागि तरलता सुविधा प्रदान गर्दै आइरहेकोमा आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिबाट यस्तो सुविधा वाणिज्य बैंक लगायत विकास बैंक एवं वित्त कम्पनीलाई समेत प्रदान गर्ने व्यवस्था गरिएको छ । यसबाट स्थायी तरलता सुविधाको उपयोग गर्न सक्ने बैंक तथा वित्तीय संस्थाको दायरा फराकिलो हुनुको साथै उपत्यका वाहिरका बैंक तथा वित्तीय संस्थाले पनि यस्तो सुविधा उपयोग गर्न सक्ने हुँदा आगामी दिनमा यस सुविधालाई सुव्यवस्थित ढंगले संचालन गर्न एउटा कार्यविधिको आवश्यकता भएकोले देहायका शर्त तथा व्यवस्था सहितको स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि, २०६५ बनाई लागु गरिएको छ ।

(१) यो सुविधा अन्तर्गत वाणिज्य बैंक, विकास बैंक ("ख" वर्ग) तथा वित्त कम्पनीले नेपाल सराकारको ट्रेजरी बिल र विकास ऋणपत्रको धितोमा तोकिएको अनुपातमा तोकिएको दिनका लागि नेपाल राष्ट्र बैंकबाट अल्पकालीन तरलता सुविधा पाउने सक्नेछन् ।

(२) यो सुविधा उपयोग गर्न चाहने बैंक तथा वित्तीय संस्थाले अनिवार्य रुपमा यस बैंकमा खाता खोलेको हुनु पर्नेछ ।

(३) यस्तो सुविधा लिनु पूर्व सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुले सो सम्बन्धी कारोवार गर्न अख्तियार प्राप्त कम्तिमा दुईजना पदाधिकारीको आधिकारिक दस्तखत उपलब्ध गराउनु पर्दछ । यस्तो पदाधिकारी परिवर्तन गर्दा सोको पूर्व जानकारी विभागलाई लिखित रुपमा गराउनु पर्नेछ ।

(४) यो सुविधा उपयोग गरे बापत बैंक तथा वित्तीय संस्थाले निर्धारित दरमा व्याज तिर्नु पर्नेछ ।

(५) यो सुविधा अन्तिम उपायको रुपमा उपयोग हुनु पर्ने हुँदा बैंक तथा वित्तीय संस्थाले यो सुविधा लिनु पर्नाको कारण (प्रयोजन/उद्देश्य) समेत स्पष्ट खोल्नु पर्नेछ । आवश्यक देखिएमा थप विवरण माग्न वा स्थलगत अनुगमन समेत गर्न सकिनेछ ।

(६) यो सुविधा प्राप्त गर्न वाणिज्य बैंक तथा वित्तीय संस्थाले आफूले लिन चाहेको तरलता सुविधाको तोकिएको प्रतिशतले हुने ट्रेजरी बिल तथा विकास ऋणपत्रको सक्कलै प्रमाणपत्र (विकास ऋणपत्रको हकमा व्याज पूर्जा समेत) सुरक्षणको रुपमा धितो राख्नु पर्नेछ ।

(७) वाणिज्य बैंक तथा वित्तीय संस्थाले यो सुविधा प्राप्त गर्न यस विभागको वेवसाइट (www.nrb.org.np/public debt) मा रहेको स्थायी तरलता सुविधा सम्बन्धी फाराम कम्तिमा दुई जनाको आधिकारिक दस्तखत र सम्बन्धित बैंक तथा वित्तीय संस्थाको छाप सहित रीतपूर्वक भरी सुरक्षणको रुपमा धितो राख्न चाहेको आफ्नो स्वामित्वको नेपाल सरकारको ट्रेजरी बिल तथा विकास ऋणपत्रको सक्कलै प्रमाणपत्र (विकास ऋणपत्रको हकमा व्याज

पूर्जा समेत) संलग्न राखी उपत्यका स्थित बैंक तथा वित्तीय संस्थाले बैंकिङ्ग समय सकिनु कम्तिमा एक घण्टा अघि यस विभागको ट्रेजरी, तरलता अनुगमन तथा व्यवस्थापन शाखामा पेश गर्नु पर्नेछ ।

(८) उपत्यका बाहिरका बैंक तथा वित्तीय संस्थाको हकमा उपरोक्तानुसारको रीतपूर्वकको आवेदन बैंकिङ्ग समय सकिनु कम्तिमा डेढ घण्टा अगावै यस बैंकको नजिकको कार्यालयमा पेश गर्नु पर्नेछ । सो अनुसारको आवेदन प्राप्त भएपछि यस बैंकको सम्बन्धित कार्यालयले फ्याक्स मार्फत बैंकिङ्ग समय सकिनु कम्तिमा एक घण्टा अगावै यस विभागमा पठाउनु पर्नेछ । विभागमा त्यस्तो आवेदन प्राप्त भएपछि सम्बन्धित शाखाले आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई यस्तो सुविधा प्रदान गर्ने सम्बन्धी पत्र यस बैंकको सम्बन्धित कार्यालयको नाममा फ्याक्स मार्फत बैंकिङ्ग समयभित्र पठाउनु पर्नेछ । त्यस्तो पत्र प्राप्त भएपछि यस बैंकको सम्बन्धित कार्यालयले सुरक्षणको रुपमा राख्न चाहेको ट्रेजरी बिल एवं विकास ऋणपत्र धितो लिई सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा प्रदान गरिएको तरलता सुविधा बापतको रकम जम्मा गरिदिनु पर्नेछ ।

(९) बैंक तथा वित्तीय संस्थाले यस बैंक समक्ष धितो स्वरुप राखेको ट्रेजरी बिल तथा विकास ऋणपत्र पुन: धितो राखी तरलता सुविधा प्राप्त गर्न चाहेमा यसअघि तरलता सुविधा बापत लिएको कर्जा चुक्ता गरी फुकुवा भएपछि मात्र पुन: सोही सुरक्षण धितो स्वरुप राख्न सक्नेछन् । तर बैंक तथा वित्तीय संस्थाले सुरक्षण स्वरुप राखेको धितोले खामेसम्म सोही सुरक्षणको धितोमा पुन: यस्तो सुविधा प्राप्त गर्न भने वाधा पर्ने छैन ।

(१०) यो सुविधा निखन्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा निखन्नु पर्नेछ । यसो गर्दा निखन्ने दिनभन्दा अघिल्लो दिनसम्मको व्याज हिसाव गरी असुल गरिने छ ।

(११) यस सुविधा अन्तर्गतको कर्जा निखन्ने दिन सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा पर्याप्त रकम मौज्दात नभएमा उपत्यकाभित्र बैंकिङ्ग कार्यालयले मेमो सहित र उपत्यका वाहिरका कार्यालयले कारण सहित यस विभागमा निखन्ने सम्बन्धी पत्र फिर्ता गर्नु पर्दछ । यसरी पर्याप्त मौज्दात कायम नभई लिएको तरलता सुविधा निखन्ने दिन निखन्न नसकेमा सोका लागि आवश्यक मौज्दात कायम नभएसम्मको अवधिका लागि यस बैंकले लिने व्याजदरमा त्यतिनै हर्जाना थप गरी असुल उपर गरिने छ ।

(१२) यस सुविधाको प्रयोजनको लागि अवधि गणना गर्दा कार्यालय खुलेको दिन (Working Day) को आधारमा गरिने छ ।

(१३) यस सुविधाको अधिकतम अवधि, व्याजदर, राख्नु पर्ने सुरक्षणपत्रको अनुपात तथा यो सुविधा लिन सुरक्षणको रुपमा राख्न सकिने ट्रेजरी बिल तथा विकास ऋणपत्रको अधिकतम सीमा तथा यस सम्बन्धी अन्य शर्तहरु यस बैंकले समय समयमा तोके बमोजिम हुनेछ ।